# समर्थनका स्तम्भहरु

## Pillars of Support

**Srdja Popovic, Slobodan Djinovic, Andrej Milivojevic, Hardy Merriman and Ivan Marovic**

*Centre for Applied Nonviolent Action and Strategies,* 2007
Translation: Yogita Rai; Editor: Suman Parajuli

## समर्थनका स्तम्भहरु

कर संकलन गन, दमनकारी कानून तथा नियमहरु  लागू गर्न, बस तथा रेलहरुनिर्धारित समयमै सञ्चालन गर्न, राष्ट्रिय बजेट तयार पार्न, बाटोमा चल्ने सवारी साधनहरुको दिशानिर्देश गर्न, बन्दरगाह व्यवस्थापन गर्न, मुद्रा छाप्न, सडक मर्मत गर्न, प्रहरी तथा सेनालाई तालिम दिन, हुलाक टिकट जारी गर्न अथवा दूध दुहुनु सम्म पनि शासकहरु आफैं गर्न सक्दैनन् । विविध संगठन अथवा संस्थाहरु मार्फत मानिसहरुले शासकहरुलाई यो सेवा प्रदान गरिरहेका हुन्छन् । यदि मानिसहरुले यी शिप तथा सेवाहरु प्रदान गर्न बन्द गरे भने शासकहरुले शासन गर्न सक्दैनन् । जब हामीले समाजमा राजनीतिक शक्तिको प्रकृति यसप्रकारको हुन्छ भन्ने बुझ्छौं, हामीले शक्तिको अभ्यास कसरि हुन्छ भन्ने कुरा जान्नै पर्ने हुन्छ । मानिसहरु समाजमा शक्तिको मुख्य धारकहरु हुन्, तर उनीहरु  त्यही शक्ति प्रयोग गर्न झन धेरै प्रभावकारी  हुन्छन जब कुनै संगठन वा संस्थाहरुको रुपमा एक साथ काम गर्छन्, जस्तै प्रहरी, निजामति कर्मचारीहरु, श्रमिक समूहहरु, ब्यबसायीक समूहहरु आदि । यी संगठनहरु मध्येका केहिले तपाईंका बिपक्षीहरुको समर्थन गर्न सक्छन भने अन्यले तपाइँको आन्दोलनलाई समर्थन गर्न सक्छन् ।

TIP (सुझाव) :

---

यदि मानिसहरुले आफ्नो समर्थन फिर्ता लिए भने शासकले शासन गर्न सक्दैनन् ।

---

हामी यी समर्थक संगठनहरुलाई समर्थनका स्तम्भहरु भन्छौं, किनकि यीनले समाजमा शक्ति संरचनाको समर्थन गर्छन । अहिंसात्मक संघर्षको प्रारम्भमा, यी मध्यका ज्यादातर संगठनहरुले तपाइँको बिपक्षीको समर्थन गर्ने सम्भावना धेरै हुन्छ । यदि यी संगठन तथा संस्थाहरुले तपाइँका बिपक्षीहरुलाई गरिरहेको समर्थन फिर्ता लिन सुरु गरे भने ( अनि केहिले त अझ तपाइँको आन्दोलनलाई सक्रिय रुपमा समर्थन गर्न सुरु गर्न सक्छन्), तपाइँको बिपक्षी आफ्नो नियन्त्रणलाई कायम राख्न सक्षम  हुनेछैन ।

SPO 1:    समर्थनका स्तम्भहरुलाई परिभाषित गर्नुहोस ।


हाम्रो उद्देश्यको लागि, हामी समर्थनका स्तम्भहरुलाई यस प्रकार ब्याख्या गर्छौं :

---

“समर्थनका स्तम्भहरु समाजका ती  संस्थाहरु  र खण्डहरु हुन, जसले विद्यमान शासनलाई उसको शक्ति  क्षमता अनुरक्षण तथा विस्तार गर्नका लागि आवश्यक पर्ने शक्तिका स्रोतहरु आपूर्ति गराइरहेको हुन्छ ।

---

(अहिंसात्मक संघर्ष सुरु गर्ने सम्बन्धमा डा. जिन शार्पको भनाई)




*(Name of the pillars from left (Local Community) to right in respective order)*

*Pillar 1*: स्थानीय समुदाय,

*Pillar 2*:कर्मचारीतन्त्र

*Pillar 3*: शैक्षिक प्रणाली

*Pillar 4*: संगठित धर्म

*Pillar 5*: सञ्चार माध्यम

*Pillar 6*: ब्यबसाय/ब्यापारिक संस्था

*(In respective order from inner circle to outer circle)*

1. मेयर,
2. नगर परिषद,
3. स्थानीय अधिकारीहरु,
4. सामुदायिक नेताहरु,
5. ब्यबसायीक नेताहरु,
6. नागरिक

हरेक समाजमा विविध किसिमका समर्थनका स्तम्भहरु पहिचान गर्न सकिन्छ। जसमा प्रहरी, सेना, शासन गरिरहेका संस्थाहरु जस्तैः न्यायालय र निर्वाचन आयोग, निजामती कर्मचारीहरु, शैक्षिक प्रणाली संगठित धार्मिक संस्थाहरु, राज्य नियन्त्रित सञ्चार माध्यम, ब्यबसायीक समुदाय र अन्य संगठनहरु समावेश हुन सक्छन्।

| |
|---|
| Important (महत्वपूर्ण): समर्थनका स्तम्भहरु र सामाजिक कार्यहरु बीचको फरक बुझ्नुहोस। |

ध्यान दिनुहोस्,हामीले “अर्थव्यवस्था” अथवा धर्म जस्ता सामाजिक कार्यहरुलाई समर्थनका स्तम्भहरुको सूचीमा राखेका छैनौं। समर्थनका स्तम्भहरु ती हुन् जसले सामाजिक कार्यहरु सिर्जना र सञ्चालन गर्दछ। यदि तपाईं समाजलाई प्रभाव पार्न चाहनुहुन्छ भने, विद्यमान शक्ति संरचना र सामाजिक कार्यहरुलाई समर्थन गर्ने संस्था र

संगठनहरुको पहिचान गर्नुहोस् र तिनमा आफ्नो ध्यान केन्द्रित गर्नुहोस् ।

SPO 2: समर्थन का बिभिन्न स्तम्भहरुमा धक्कादिने भन्दा पनि बाहिर निकाल्ने कुरा महत्वपूर्ण छ भन्ने कुरा बुझ्नुहोस ।

अहिंसात्मक आन्दोलनका लागि, तल उल्लेख गरे अनुसार, विविध समर्थनका स्तम्भहरु अन्तर्गत रहेका मानिसहरुको ब्यबहारमा प्रभाव पार्ने तरिकाहरु पत्ता लगाउनु एकदमै महत्वपूर्ण हुन्छ :

- तपाईंको बीपक्षीहरु प्रति उनीहरुको बफादारी क्षयीकरण गरेर
- तपाइँको बीपक्षीहरु बिरुद्ध उनीहरुको सीपहरु र ज्ञान, भौतिक संसाधन र समय उपलब्ध गराउन अस्विकार गर्न मनाएर

TIP(सुझाब) :

तपाइँको अहिँसात्मक कार्यहरु प्रभावकारी रुपमा लक्षित गर्नुहोस् : प्रत्येक स्तम्भतर्फ धकेल्ने भन्दापनि त्यसबाट बाहिर निकाल्ने ।

जब एउटा अहिंसात्मक आन्दोलन एक बिशेष स्तम्भलाई प्रभाव पार्न सफल हुन्छ, त्यस स्तम्भका सदस्यहरु, खुला वा चलाखिपूर्ण तरिकाले निर्देशनहरुको अवज्ञा गर्दै, निर्देशनहरुको पूर्णरुपमा बेवास्ता गर्दै, वा निर्देशनहरु बिस्तारै, अकुशलतापूर्वक र/अथवा अपूर्ण तरिकाले पालना गर्दै, तपाइँको बीरोधी र उसको समर्थकहरु प्रतिको उनीहरुको समर्थन फिर्ता लिने तरिकाहरु पहिल्याउन सुरु गर्छन् । केहि स्तम्भहरुका सदस्यहरुले खुला अथवा सुक्ष्म रुपमा तपाईंको आन्दोलनको समर्थन पनि गर्न सक्छन् ।

विविध स्तम्भहरुका व्यवहारलाई प्रभाव पार्नका लागि, त्यस स्तम्भका सदस्यहरुलाई तपाइँको आन्दोलनतर्फ आकर्षित गर्नु र तपाइँको आन्दोलनबाट टाढा धकेल्नु बीचको फरक बुझ्नु अत्यन्तै महत्वपूर्ण छ ।

उदाहरणका लागि, अघिल्लो पृष्ठको रेखाचित्र हेर्दा, यदि तपाइँ सेनाका सैनिकहरुको वफादारी क्षयीकरण गराउन चाहनुहुन्छ भने, बिगतमा भएका सफल आन्दोलनहरुले सामान्यतया सडकमा तिनीहरुसँग कुरा गरेर, उनीहरु बाबु, छोरा, पती, र नागरिक पनी हुन भन्ने सम्झना गराएर, उनीहरु भीत्र रहेको देश भक्तिको भावनालाई उजागर गराएर, र उनीहरु र उनीहरुको परिवारका लागि बिद्यमान सरकार भन्दा प्रतिपक्षीले सञ्चालन गरेको सरकार अथवा समाज राम्रो हुनेछ भनी कुरा गरेर त्यसो गरेका छन्। यस प्रकारको व्यवहारले सैनिकहरुको वफादारी स्तम्भको केन्द्रबाट प्रतिपक्षतर्फ खिच्छ/तान्छ । यसको विपरीत सडकमा सैनिकहरुलाई धम्की दिएका, ढुंगाले हिर्काएका

अथवा उनीहरु विरुद्ध अन्य हिंसात्मक कार्यहरु गरिएका आन्दोलनहरुले उनीहरुलाई स्तम्भको केन्द्र तर्फ धकेलेको पाइन्छ । यसैकारण केही दमनकारी सरकारहरुले कहिलेकाहीँ प्रतिपक्षीहरुलाई हिंसात्मक कार्यहरु गर्न उक्साउँछन्, किनकि यसले आफ्ना सैनिकहरुलाई उनीहरुको नजिक पुर्याउनेछ र सैनिकहरुलाई उनीहरुको निर्देशन पालना गर्ने अधिक सम्भावना बढ्छ भन्ने कुरा उनीहरुलाई थाहा छ ।

SPO 3: प्रत्येक स्तम्भहरु मार्फत शक्ति कसरि प्रयोग गरिन्छ भनी ब्याख्या गर्नुहोस र तपाइँको समुदायमा प्रत्येकस्तम्भको महत्वको स्तर आंकलन गर्नुहोस ।

यस खण्डमा, हामी अनेक साझा समर्थनका स्तम्भहरुको सामान्य बिशेषताहरुको समीक्षा गर्नेछौं ।